# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बरेवा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल ।


पत्र संख्या:- २०८२/०८३

सूचना नं.:- ८४

मिति:-२०८३/०२/१३

## आ.व. २०८३/०८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेटका लागि राय सुझाव संकलन सम्बन्धी सूचना

"मायादेवीको पहिचानः सन्तुलित विकास, गुणस्तरीय सेवा र सुशासन" भन्ने मूल नारालाई आत्मसात गर्दै मायादेवी गाउँपालिका, रुपन्देहीले आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमाको तयारी गरिरहेको व्यहोरा सम्पूर्ण गाउँपालिकावासीमा जानकारी गराइन्छ ।

नेपालको संविधानद्वारा स्थानीय तहलाई प्रदान गरिएको अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय तथा प्रदेश कानुन, दिगो विकासका लक्ष्य तथा स्थानीय तहको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनलाई आधार मानी गाउँपालिकाको आवश्यकता, स्रोत साधनको उपलब्धता तथा संस्थागत क्षमताको आधारमा आगामी आ.व. २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट तयार गरिने भएको हुँदा सो सम्बन्धमा यहाँहरूको महत्वपूर्ण राय, सुझाव तथा सल्लाह प्रदान गरिदिनुहुन सम्पूर्ण जनप्रतिनिधि, राजनीतिक दल, नागरिक समाज, शिक्षक, कर्मचारी, व्यवसायी, पत्रकार, बुद्धिजीवी, युवा, महिला तथा सम्पूर्ण गाउँपालिकावासीमा हार्दिक अनुरोध गरिन्छ ।

### राय सुझाव पठाउने माध्यम

इमेलः mayadeviruralmun@gmail.com

फेसबुकः https://www.facebook.com/mayadevi.rm.rupandehi

सम्पर्क नं.: ९८५७०१६९३९/ ९८५७०१७५६७

अनलाइन फाराम (Google Form) https://forms.gle/6Hj4D2HkgAgYJDtD7

नोटः राय सुझाव मिति २०८३/०२/२५ गतेभित्र पठाउनुहुन अनुरोध छ ।

ध्रुव नारायण चौधरी

गा.पा. अध्यक्ष